# नगरपालिकाको विनियोजन विधेयक, २०८०

**घोडाघोडी नगरपालिका**

नगरकार्यपालिकाको कार्यालय

सुखड, कैलाली

**घोडाघोडी नगरपालिकाको आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि स्थानीय संञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

**प्रस्तावनाः**

घोडाघोडी नगरपालिकाको आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाटरकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम नगर सभाले यो विधेयक बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"घोडाघोडी नगरपालिकाको विनियोजन विधेयक, २०८०** रहेको छ।
(२) यो ऐन २०८० श्रावण १ गते देखि प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८०।८१ को निमित्त संञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८०।८१ को नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.९७,४३,९८,०००.००/- (अक्षेरुपी रु. सन्तानब्बे करोड त्रिचालिस लाख अन्ठानब्बे हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संञ्चित कोषबाट खर्च गर्न सकिने छ।

**३. विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ को निमित्त नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

| राजश्व अनुमान आ.व. : २०८०/८१ | |
|---|---|
| **शीर्षक** | **आ.व. २०८०/८१ को अनुमान** |
| ११३१३ सम्पत्ती बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | १५००००० |
| ११३१३ एकीकृत सम्पती कर | २५००००० |
| ११३१४ भुमिकर/मालपोत | ४०००००० |
| ११३२१ घरवहाल कर | १०००००० |
| ११३२२ वहाल विटौरी कर | ५००००० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | २००००० |
| ११४७९ अन्य मनोरञ्जन कर | १००००० |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | ४०००० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५५००० |
| ११६९१ अन्य कर कवाडी समेत | ८००००० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ४०००० |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी ढुँगा गिट्टी बालुवा | १७५०००००० |
| १४१९१ पर्यटन शुल्क ताल तलैया समेत | २०००००० |
| १४२११ कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ३०००० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ५०००० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ११०००० |
| १४२२१ न्यायिक दस्तूर | १०००० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ११०००० |
| १४२२४ परीक्षा शुल्क | १२०००० |
| १४२२५ यातायात क्षेत्रको आम्दानी | ३५०००० |
| १४२४२ नक्सापास दस्तुर | ५००००० |

| | |
|---|---|
| १४२४३ सिफारिश दस्तुर | ३५०००००० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ४०००००० |
| १४२४५ नाता प्रमाणित दस्तुर | १५००००० |
| १४२४९ अन्य दस्तुर | २०००००० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १२०००००० |
| १४२५४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ३०००० |
| १४३११ न्यायिक दण्ड जरिवाना र जफत | १०००००० |
| १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | १०००००० |
| १४६११ व्यवसाय कर | ५०००००० |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | २३००००००० |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर पालिका | ४६००००००० |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ५०००० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | २०००००० |
| ३२१२१ नगद गत वर्ष | ४५५०००००० |
| १४५२९ अन्य राजस्व | १०००००० |
| १५१११ बेरूजू | ६५५००० |
| **जम्मा** | **१५५००००००** |

| घोडाघोडी नगरपालिकाको आ ब २०८०|८१ को अनुमानित बिनियोजित आय र ब्यय | | |
|---|---|---|
| **आय तर्फ** | **रकम रु मा** | |
| राजश्व बाँडफाँडबाट संघिय सरकारबाट प्राप्त | १६९०९०००० | सोह्र करोड नब्बे लाख नब्बे हजार |
| राजश्व बाँडफाँडबाट प्रदेश सरकारबाट प्राप्त | ६३४८००० | त्रिसठ्ठी लाख अठचालिस हजार |
| वितिय समानीकरण अनुदान संघिय सरकारबाट प्राप्त | १७७८००००० | सत्र करोड अठहत्तर लाख |
| वितिय समानीकरण अनुदान प्रदेश सरकारबाट प्राप्त | १६३१९००० | एक करोड त्रिसठ्ठी लाख उन्नाईस हजार |
| संघिय सरकार समपुरक अनुदानबाट प्राप्त | १८०००००० | एक करोड असी लाख |
| प्रदेश सरकार समपुरक अनुदानबाट प्राप्त | १९४९१००० | एक करोड चौरान्नब्बे लाख उन्नाईस हजार |
| संघिय सरकार विशेष अनुदानबाट प्राप्त | ३५०००००० | तिन करोड पचास लाख |
| प्रदेश सरकार विशेष अनुदानबाट प्राप्त | ५०००००० | पचास लाख |
| संघिय सरकार शशर्त अनुदानबाट प्राप्त | ३६९६००००० | छतिस करोड छयान्नब्बे लाख |
| प्रदेश सरकार शशर्त अनुदानबाट प्राप्त | २७५०००० | सत्ताईस लाख पचास |
| आन्तरिक श्रोतबाट प्राप्त राजश्व | १५५०००००० | पन्ध्र करोड पचास लाख |
| **कुल आय** | **९७४३९८०००** | सन्तान्नब्बे करोड त्रिचालिस लाख अन्ठान्नब्बे हजार |
| **ब्यय तर्फ** | **रकम रु मा** | |
| नगरपालिका कार्यालय तथा विषयगत शाखा सबै | २४६३०७००० | चौबिस करोड त्रिसठ्ठी लाख सात हजार |
| वडा कार्यालय सबै | १२०००००००० | बाह्र करोड |

| | | |
|---|---|---|
| गत वर्षको भुक्तानी बाँकी | ९००००००० | नौ करोड |
| म्याचिङ्ग फन्ड | ३५०००००० | तिन करोड पचास लाख |
| संघिय सरकार समपुरक अनुदान | ३६०००००० | तिन करोड साठी लाख |
| प्रदेश सरकार समपुरक अनुदान | ३७४९१००० | तिन करोड चौहत्तर लाख एकान्नब्बे हजार |
| संघिय सरकार विशेष अनुदान | ३५०००००० | तिन करोड पचास लाख |
| प्रदेश सरकार विशेष अनुदान | ५०००००० | पचास लाख |
| शशर्त अनुदान | ३६९६०००००० | छत्तिस करोड छयान्नब्बे लाख |
| **कुल ब्यय** | **९७४३९८०००** | सन्तानब्बे करोड त्रिचालिस लाख अन्ठानब्बे हजार |